# ऐतिहासिक पत्रस्तम्भ

( इस्तिहारमा )

आ.........राजभर मुलुकका भाइ भारदार ज्मीदार साहु महाजन सन्त महन्त रैति दुनियां गैह्रके मध्येश जिल्ला जिल्लामा खेति कमाइ गरी ... नि रैति ज्मीदारहरूले कर्जी सापटी लिंदा सलामी युनका व्याज गरी धेरै धेरै लिने दिनु तिर्नु पर्ने र सो युनका वापतका रुपैयांको र कसैं कसैले सावा रुपयाको समेत सीरा भाउमा जिन्सी धान लिने समेत चलन चलि रहेकोवाट कर्जी सापटी लिनु पर्ने रैति दुनियांलाई पीर परेको वेहोरा जाहेर भएको हुनाले तिमी रैति दुनियांलाई सुविस्ता हवोस भन्ना निमित्त मध्येश तर्फ हाल तपसील-का जिल्ला जिल्लामा तेजारथ खोली शैंका १० ले व्याज मात्र तिरे पुग्ने सो भन्दा वडी सरसलामी दस्तुर इत्यादि केही पनि दिनु तिर्नु नपर्ने गरि वक्सेको हुनाले सो तेजारथ रहेका जिल्लामा एकाका नाउँमा दर्ता भएको नंवरी जमीन ज्मीदारी मौजा अरूको हक पुग्ने गरि धितो वन्दक वण्डा राजीनामा दान वक्स इत्यादि गरी दिनु लिनु गरी पाउने लिनेले भोग चलन गरी वा नगरी राख्ने र रजिष्टेशन अड्डा खडा नहुंदै अघिका कागजमा रजिष्टरी गराउन कर नलाग्ने भै अड्डामा श्रेस्ता नहुने तेस्तो कलंहरू दर्तावालाहरूले दोहोरो पारी तेजारथमा लेखिदिन नपावोस् भन्ना निमित्त यो इस्तिहार जारी गरिवक्सेको छ अैलेसम्म राजीनामा वण्डा दान वक्स इत्यादि गरि लिए पाएको दाखेल खारेज गराउनाको हक पुग्ने जतिले यो इस्तिहार जारी भएका ३५ दिनभित्र आफ्नो हक पुग्ने परिवन्द देखाइ दर्खास्त जो दिनु पर्ने दी आफ्ना नाउँमा दाखेल खारेज गराई शक्नु केही परिवन्दले दाखेल खारेज गराउनको अड्काऊ हुने र दाखिल खारेज गराउनाको हक नपुग्ने धितो वन्धकी मात्र लिनेहरूले रजिष्टरी अड्डा खडा भै सो अड्डा मार्फत लिखत गराई लिनेहरूको हकमा रजिष्टेशन अड्डाको श्रेस्तावाटै थाहा हुनै हुनाले रजिष्टेशन अड्डा खडा नहुंदै अगाडी लिखत गराई राखेकाले र ऐन्ले रजिष्टरी नगराए पनि हुने भै घर सारमा लिनु दिनु गरि राखेकोले समेत यो इस्तिहार जारी भएका ३५ दिन भित्र इलाका तेजारथ अड्डामा लेखाउन जानु लेखिए बमोजिम रजिष्टेशन पास नभएका लेखोटबाट धितो वन्धकी राजी-नामा दान वक्स वण्डा इत्यादिबाट भोग हक हुनेहरूले सो ३५ दिनको म्याद भित्र तेजारथमा लेखाउन नआई तेजारथमा थाहा नभै दर्तावालाहरूले तेजारथमा धितो लेखिदियो र तेजारथवाट लेखाइ लियो भने तेजारथको वाँकी उपर नभै भोगवाला भए पनि मेरा हक भोगको मलाई अगाडि लेखिदिएको भन्ने समेत केही उजुर पाउने छैनौ सो बुझी लेखिए बमोजिम गर्ने काम गर .

तपसील

| | |
|---|---|
| पर्सा तेजारथ - | १ |
| वारा तेजारथ— | १ |
| रौतहट तेजारथ— | १ |
| सरलाही तेजारथ— | १ |
| महुतरी तेजारथ— | १ |
| सीराहा तेजारथ-- | १ |
| हनुमान नगर तेजारथ— | १ |
| मोरङ्ग विराटनगर तेजारथ-- | १ |
| झापा तेजारथ— | १ |
| वाँके तेजारथ-- | १ |
| वर्दिया तेजारथ— | १ |

इति संवत १९८७ गते रोज शुभम